# धनकौल गाउँपालिका
# सर्लाही




## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीति

असार, २०७९

# विषय क्रम


| | | |
|---|---|---|
| १ | पृष्ठभूमि | ३ |
| १.२ | धनकौल गाउँपालिकाको संक्षिप्त परिचय | ४ |
| २. | अवस्था विश्लेषण | ५ |
| २.१. | SWOT विश्लेषण | ६–९ |
| २.२. | सरोकारवाला पहिचान | १० |
| २.३. | लक्षितवर्ग पहिचान | १० |
| ३. | दीर्घकालिन सोच (Vision) | ११ |
| ४. | ध्येय (Mission) | ११ |
| ५. | लक्ष्य (Goal) | ११ |
| ६ | उदेश्य (Objectives) | ११ |
| ७. | लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) | १२ |
| ८. | लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति (GESI Strategy) | १३ |
| ८.१ | मूलप्रवाहिकरण | १३ |
| ८.२ | समावेशीकरण | १३ |
| ८.३ | स्थानीयकरण | १३ |
| ८.४ | सशक्तिकरण | १४ |
| ८.५ | सचेतीकरण | १४ |
| ८.६ | संस्थागत संरचना | १४ |
| ८.७ | समन्वय | १४ |
| ८.८ | सहकार्य | १५ |
| ८.९ | सहजीकरण | १५ |
| ८.१० | सामाजिक  सुरक्षा | १५ |
| ८.११ | अनुगमन मूल्याङ्कन | १५ |
| ९ | रणनैतिक कृयाकलापहरु | १६-२२ |
| १०. | वित्त व्यवस्थापन | २३ |
| ११. | कानूनी व्यवस्था | २३ |
| १२. | रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व | २४-२५ |
| १३. | रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था | २५ |
| १४ | संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु | २६ |
| १४.१ | संभाव्य जोखीम | २६ |
| १४.२ | जोखीम न्यूनीकरणका उपायहरु | २६ |
| १५ | निष्कर्ष | २६ |

## १.पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले मार्ग निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्नु आवश्यक देखिएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित गर्नुका साथै मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरि समावेशी अवधारणालाई आत्मसात् गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको, विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ । यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा यस धनकौल गाउँपालिकाद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशी मैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्धन गर्ने कार्यलाई थप मार्ग प्रशस्त गर्न यो "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति" तयार गरिएको हो ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न अहिले म कहाँ छु ? दोश्रो  अव म कहाँ र किन जाने ? र तेश्रो त्यहाँ पुग्न कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष्य र अपेक्षित उपलव्धी को  निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ ।  तसर्थ, यस धनकौल गाउँपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरु वाट हुने कार्यक्रमहरुले आ आफ्नो ढंग वाट लैङ्गिक समनता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजना का लागि समेत मार्गदर्शन हुने गरि यस **धनकौल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति-०७९,** तयार गरिएकोछ । यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु यस धनकौल  गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गै.स.स.हरु हुनेछन् ।

## १.१ धनकौल गाउँपालिकाको संक्षिप्त परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मधेश प्रदेश अन्तर्गत पर्ने सर्लाही जिल्लाका साविक हर्कठवा, महिनाथपुर, धनकौल पश्चिम र धनगढा गाउँ विकास समितिहरुलाई समेटेर धनकौल गाउँपालिका स्थापना भएको हो । हाल यस गाउँपालिकामा ७ वटा वडाहरु कायम गरिएको छ । यस गाउँपालिको कुल क्षेत्रफल ४५.९४ बर्ग कि.मि. रहेको छ । जम्मा घरधुरी ५,२३३ रहेकोमा कुल जनसंख्या ३२,८८१ छन् जसमा महिला १५,९३९ जना र पुरुष १६,९४२ जना छन् । यस गाउँपालिकाको पूर्वमा गोडैता नगरपालिका, पश्चिममा रौतहत जिल्ला, बसबरिया गाउँपालिका र दक्षिणमा रामनगर गाउँपालिका रहेका छन् । यस गाउँपालिकामा यादब, कोईरी, मलाह, तेली, दुसाद, चमार, मुसहर, रौनियार, हजाम, लोहार, राजपुत र भुमिहार आदि जाति जनजातिको बसोबास रहेको छ ।

नेपालमा परिबर्तित साशकीय संरचना पश्चात दोश्रो स्थानीय निवार्चन सम्पन्न भई पदाधिकारीहरुले जिम्मेवारी सम्हालीरहदा गाउँपालिकाले स्थानीय सरकारको रुपमा जुन गतिमा कार्यसम्पादन गनुपर्ने हो । त्यति गर्न नसकेको हो कि जस्तो लाग्दछ । खास गरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा महिला र बालबालिकाको अवस्था निकै पछाडि रहेको देखिन्छ । गाउँपालिकामा हालसम्म लैससासका सवालहरुलाई संबोधन गर्ने गरि कुनै पनि नीति तथा कानूनहरु नबनेको, ३ जना मात्र महिला कर्मचारी रहेको, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा स्थापना नभएको र संस्थागत क्षमता स्व-मूल्यांकनमा अति सुधार गर्नुपर्ने नतिजा (जम्मा १३ अंक) प्राप्त गरेको बाट गाउँपालिकाको समग्र अवस्थालाई प्रष्ट पारेको छ । उपरोक्त अवस्थालाई सम्बोधन गर्ने गरि लैससास रणनीति तयार गरिनु आवश्यक छ ।

## २.अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि परिस्थिति (SWOT) बिष्लेशण, सरोकारवाला पहिचान र लक्षित बर्ग पहिचान गरि मुख्यतया ३ वटा क्षेत्र निर्धारण गरिएकोछ । गत आ.ब.को संस्थागत क्षमता स्व-मूल्यांकनको नतिजालाई समेत आधार मानिएको छ । जसको बिस्तृत विवरण देहाय बमोजिम प्रस्तुत गरिएकोछ ।

### २.१. SWOT विश्लेषण

धनकौल गाउँपालिका सर्लाहीको लैससासको दृष्टिकोणबाट सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा **नीति तथा कानून**मा समावेशीता, **संस्थागत व्यवस्था**मा समावेशीता, **मानव संसाधन तथा क्षमता विकास**मा समावेशीता, **सेवा प्रवाहमा** समावेशीता र **सुशासन तथा उत्तरदायीत्व**मा समावेशीताको अवस्थामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## क.सवल पक्ष (Strength)

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समावेश भएको ।
२. बार्षिक नीति तथा योजना महिला बालबालिका, पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको ।
३. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरिएको ।
४. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३% मात्र रहेको ।
५. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको ।
६. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।
७. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।
८. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको ।
९. भौतिक पूर्वाधारका सवै डिजाइन हरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको ।
१०. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको ।
११. प्रजनन स्वास्थ्य, एड्स, क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको ।
१२. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाले सहकार्य समन्वय गरेको ।
१३. बार्षिक नीति तथा कार्यक्रम छापामा प्रकाशन तथा वेबसाइट मार्फत नियमित रुपमा सार्वजानिक गरेको ।
१४. योजना कार्यान्वयनमा उत्कृट कर्मचारी र शाखालाई पुरस्कृत गर्ने व्यवस्था भएको ।

## ख.सुधार गर्नुपर्ने पक्ष

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नगरेको ।
२. गाउँपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नगरेको ।
३. लैससासका लक्षित बर्गहरुको छूट्टै खण्डिकृत तथ्यांक (बस्तुगत विवरण) नभएको ।
४. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा स्थापना र संचालन नभएको ।
५. गाउँपालिकाले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।
६. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेशी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थापन नगरेको ।
७. दिगो विकास लक्ष्यका लक्ष्य नं १, ५, १० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको ।
८. कुनै नीति नियम कार्यविधि दिग्दर्शन जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरिएको ।
९. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण नभएको र यसले नीतिगत रुपमा लैससासलाई सम्बोधन नगरेको ।
१०. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चित्ता नभएको ।
११. नीति कानून कार्यविधि निर्माण गर्न गाउँपालिकामा सक्षम जनशक्ति उपलव्ध नरहेको ।
१२. कार्यरत कर्मचारी मध्ये २०% मात्र महिला कर्मचारी भएको, महिला शाखा प्रमुख नभएको ।
१३. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने नगरेको ।
१४. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गर्ने नगरेको ।
१५. सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाई नियमित रुपमा नभएको ।
१६. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन नगरेको ।
१७. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन नभएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौनजन्य हिंसा आदी) ।
१८. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था नभएको ।
१९. महिला पुरुष बीचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।
२०. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचार संहिता वनाएर लागु नगरिएको ।
२१. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।
२२. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नगरिएको ।
२३. गाउँपालिका लैङ्गिक हिंसाका घट्नाहरु भईरहेको ।
२४. गाउँपालिकाका सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था नभएको ।

२५. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बजेट विनियोजन तथा छुट्टै शौचालयको व्यवस्था नभएको ।

२६. लैससास सम्बन्धी सरोकारवाला निकाय बीच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२७. योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।

२८. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमूलक विषय वस्तु आदि प्रकाशन नभएको ।

२९. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध नमिलाएको ।

३०. बेरोजगार तथा गरिबहरुको खण्डिकृत तथ्यांक अद्यावधिक नभएको ।

३१. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन नभएको ।

३२. गाउँपालिका भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह,बोक्शी) हटाउनको लागि आबश्यक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन नगरेको ।

३३. निराक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन नगरेको ।

३४. लक्षित वर्गको स्वरोजगार तथा बैदेशिक रोजगारमा जाने महिला तथा लक्षित समूहको क्षमता विकासका लागि कार्यक्रमहरु संचालन नगरेको ।

३५. लक्षित तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमाको व्यवस्था नभएको ।

३६. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिता निर्माण नगरिएको ।

३७. महिला तथा लक्षित वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन नगरिएको ।

३८. लैङ्गिक हिंसा निवारण, महिला सीप विकासको लागि कोष स्थापना गरि कार्यान्वयन नगरेको ।

३९. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण नभएको ।

४०. विपद् व्यवस्थापन कोष परिचालनको लागि नीति तथा कार्यविधि निर्माण नभएको ।

## ग.अवसर

१. विभिन्न जातजाति, समुदाय बीच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त वातावरण रहेको ।

२. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा युवाको वाहुल्यता रहेकोले युवा जोस र जाँगरलाई गाउँपालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने अवसर रहेको ।

३. बिद्यमान सरकारी विद्यालयहरुमा शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरि विद्यार्थीहरुको आकर्षण वढाउन सकिने संभावना रहेको ।

४. सुपथ मूल्यका सहकारी पसलहरु स्थापना र संचालनमा ल्याई महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने संभावना रहेको ।

५. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा (किसान र कृषि प्रवर्द्धन) गर्न सकिने संभावना रहेको ।
६. कृषि शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।
७. लैससास मैत्रि संघीय र प्रदेश कानूनहरु उपलब्ध हुनु ।

## घ.चुनौतीहरु

१. गाउँपालिकाका निर्वाचित पधाधिकारीहरुमा लैससासको अवधारणा र परिबर्तन प्रतिको दृष्टिकोण अपेक्षित नहुनु ।
२. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको कामको मूंल्याङ्कन गर्ने पद्धति नहुनु र महिलाको श्रम र योगदानको कदर नहुनु ।
३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून र कार्यविधिहरुको  कार्यान्वयन गर्न कठिन हुनु ।
४. जातिय छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत दृष्टिकोण र मान्यता विरुद्धका नीति नियम कार्यविधिहरको निर्माण र कार्यान्वयनमा जटिलता ।
५. मागमा आधारित बास्तविक योजनाहरुको छनौट, प्राथमिकिकरण र कार्यान्वनयमा कठिन हुनु ।
६. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरिबी मापनका सुचकहरु निर्माण र कार्यान्वयन गर्न कठिन हुनु ।
७. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातिगत छूवाछूत, बोक्शी, घरेलु हिंसा, बालबिबाह, बालश्रम) को अन्त्यका लागि आबश्यक कार्यहरु सञ्चालन गर्न कठिन हुनु ।
८. सूचना तथा संचारका आधुनिक प्रबिधिहरु (मोवाइल, टेलिभिजन, इन्टरनेट) को दुरुपयोगले सामाजिक बिकृति (बाल बिबाह, बहुबिबाह, संबन्ध बिच्छेद, अवैध गर्बधारण) वढ्दै जाने संभावना देखिनु ।
९. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठिन ।
१०. कृषि प्रति युवालाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न कठिन हुनु ।
११. सामाजिक सञ्जाल मार्फत  हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न नसक्नु ।
१२. दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।
१३. उद्योगधन्दा, कलकारखानाहरुको कमीका कारण रोजगारीका अवसरहरु सिमित हुनु ।
१४. लैससासको क्षत्रमा सहयोगी हातहरुको रुपमा काम गर्ने संस्थाहरु नहुनु ।

## २.२.सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने, दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरि देहायअनुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो नं.का सरोकारवालाहरु) | दोश्रो माध्यमवाट संपर्क हुने (दोश्रो नं. का सरोकारवालाहरु) | अप्रत्यक्ष संपर्क हुने (तेश्रो नं. का सरोकारवालाहरु) |
|---|---|---|
| ~महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा<br>~योजना शाखा<br>~शिक्षा शाखा<br>~स्वास्थ्य शाखा<br>~सहकारी शाखा<br>~खानेपानी तथा सरसफाइ शाखा<br>~युवा तथा खेलकुद शाखा<br>~प्रशासन शाखा<br>~सवै वडा कार्यालयहरु<br>~गाउँकार्यपालिका<br>~गाउँसभा<br>~न्यायिक समिति<br>~कृर्षि तथा पशु सेवा केन्द्र<br>~विषयगत समितिहरु सवै | ~विकास साझेदारहरु<br>~सहकारी संस्थाहरु<br>~बैक तथा वित्तीय संस्थाहरु<br>~उद्योगहरु<br>~वालक्लवहरु<br>~आमा समूहहरु<br>~जेष्ठ नगारिक मिलन केन्द्रहरु<br>~विद्यालयहरु<br>~गैह्रसरकारी संस्थाहरु<br>~स्वयम सेवक समूहहरु<br>~उद्योग वाणिज्य संघ<br>~राजनैतिक दलहरु<br>~संचार माद्यमहरु<br>~सुरक्षा निकायहरु | ~मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मधेश प्रदेश<br>~प्रदेश मन्त्रालयहरु सवै<br>~प्रदेश योजना आयोग<br>~प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र<br>~भूमी व्यवस्था आयोग<br>~संघीय मन्त्रालयहरु<br>~महिला आयोग<br>~दलित आयोग<br>~मुस्लीम आयोग<br>~राष्ट्रिय योजना आयोग<br>~मानव अधिकार आयोग<br>~अन्तराष्ट्रिय दातृ निकायहरु<br>~राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## २.३. लक्षितवर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो । त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

| | | | |
|---|---|---|---|
| १.महिला | २.एकल महिला | ३.बालबालिका | |
| ४.जेष्ठनागरिक | ५.आदिवासी जनजाति | ६.अल्पसंख्यक/लोपोन्मुख | |
| ७.किसान | ८.मजदुर | ९.अपाङ्गता भएका व्यक्ति | |
| १०.द्वन्द्वपिडित | ११.विपन्न वर्ग | १२.सुकुम्वासी | |
| १३.पिछडिएको क्षेत्र र समुदाय | १४.लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १५.दलित | १६.मुस्लिम |

यस प्रकार धनकौल गाउँपालिकाको लैससासको बिद्यमान अवस्थाको एकिन गर्नको लागि उपरोक्त बमोजिमको विश्लेषणवाट लै.स.सा.स.को क्षेत्रमा यस गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु प्रष्ट भएका छन् । सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । समग्रमा सुधार गर्नुपर्ने पक्षहरु र चुनौतिहरु बढी देखिएबाट लैससासमा गाउँपालिकाको अबस्था निकै

पछाडि रहेको देखिएको छ । मुख्य रुपमा गाउँपालिकाको निर्वाचित नेतृत्व लैससासको अबधारणा तथा उनीहरुको सशक्तिकरण र समावेशीकरणको प्रकृया र यसको नतिजाप्रति अपेक्षित नदेखिनु थप सोँचनीय हुनुपर्दछ । र संबद्ध निकायहरुको पहिलो प्राथमिकता उनीहरुको दृष्टिकोणमा परिबर्तन र क्षमता विकासमा लक्षित हुनु नितान्त आबश्यक छ । तथापि कालो बादल भित्र देखिने चादिको घेरा झैं हाल पहिचान भएका सवल पक्षहरुको श्रोत र शक्तीको रुपमा परिचालन गर्दै, उपलब्ध अवसरहरुको बिस्तार र सदुपयोग गरि सुधार गर्नुपर्ने पक्षलाई सवल र चुनौतिलाई अवसरमा परिणत गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत र सुदृढ गर्दै लक्ष्य प्राप्तिकोलागि सोहि अनुरुपको रणनीति तयार गरिएको छ ।

## ३. दीर्घकालिन सोच (Vision)

**"बिभेद मुक्त, लैङ्गिक तथा सामाजिक समावेशीतायुक्त"** धनकौल गाउँपालिका

## ४. ध्येय (Mission)

गाउँपालिकामा विद्यमान लिंग, जात, उमेर, वर्ग, क्षेत्र, धर्म लगायतका बिभिन्न आधारमा हुने गरेका बिभेदको अन्त्य गरि सममाबेशी र समतामुलक समाजको निर्माण गर्ने ।

## ५. लक्ष्य (Goal)

महिला, बालबालिका र अन्य वहिस्करणमा परेका वर्ग तथा समूदायदलाई न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट मुलप्रवाहमा ल्याउने ।

## ६.उद्देश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप गाउँपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक काम र व्यबहारलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. पुरातनबादी सोँच, बिभेदकारी ब्यबहार, अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना र ब्यबहार परिबर्तनका अभियानहरु संचालन गरि सामाजिक दृष्टिकोण र ब्यबहारमा परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित आधुनिक समाज स्थापना गर्ने ।
२. गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिला सहभागितामा अभिवृद्धि र क्षमता विकास गरेर लैङ्गिक सवालहरूलाई उचित सम्बोधन गर्ने ।
३. श्रोत साधन र अवसरहरुमा लक्षित वर्गको अर्थपुर्ण सहभागिता र पहुँचमा अभिवृद्धि गरि न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
४. लैससास सम्बन्धी अन्तराष्ट्रिय सन्धि संझौताहरु तथा राष्ट्रिय प्रतिवद्धता र अभियानहरुको प्रभावकारी कार्यान्वयन गरि लक्षित बर्गको मूलप्रवाहीकरण गर्ने ।
५. नीति तथा कानूनमा नै महिला, बालबालिका तथा लक्षित वर्गको समावेशीताको सुनिश्चित गरि आवाज सशक्तीकरण गर्ने ।
६. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरि आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

७. मानव संसाधन तथा क्षमता विकासमा महिला, बालबालिका र अन्य लक्षित वर्गको सहभागिता सुनिश्चित गरि जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।
८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन तथा मूल्याङ्कन गर्ने र सिकाईको प्रयोग गर्दै जाने परिपाटीलाई संस्थागत गर्ने ।

## ७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लिखित उद्देश्यहरु परिपूर्तीको लागि निम्नानुसारका नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पूर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन संग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका सुधार गर्नुपर्ने पक्षहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँचमा अभिवृद्धि गर्दै लैजाने ।
३. महिला तथा बालबालिकासंग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि संभ्रौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरि त्यसका सूचकहरु पुरा गर्दै जाने ।
४. गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
५. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरि महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
७. वार्षिक योजना तर्जुमा र बजेट बिनियोजन गर्दा लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासको लागि छुट्टै कोष स्थापना र संचालन गरि महिला पुरुष समविकासलाई वढवा दिने ।
८. लक्षित वर्गको पहिचान र बास्तविक अवस्था भ्रल्कने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
९. बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
१०. मानव संसाधन विकास शाखा स्थापाना गरि लैससासका लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।
११. निर्माण भएका संघीय, प्रदेश र स्थानीय कानून तथा कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई नियमित रुपमा अभिमुखीकरण गरि अद्यावधिक गर्दै लैजाने ।

१२. समाजमा रहेका बिद्यमान कुरीतिहरु विरुद्धका सचेतना कार्यक्रमलाई हरेक सामाजिक विकासका कृयाकलापहरुमा समावेश गरि नियमित छलफल, अन्तरकृया र समीक्षा गर्ने ।

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धी सूचकहरु निर्माण गरि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८.लैससास रणनीति (GESI Strategy)

यस गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रबर्द्धनकालागि देहाय बमोजिमका रणनीतिहरु अवलम्वन गरिनेछ ।

### ८.१ मूल प्रवाहिकरण

क. महिला, बालबालिका, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध, संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास र कार्यान्वयन गर्ने ।

### ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संझौता राष्ट्रिय प्रतिवद्धता र अभियानहरु तथा दिगो विकास लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरि आवश्यक प्रतिफल हासील गर्ने गरि कार्यक्रम विकास र कार्यान्वयन गर्ने ।

### ८.४ सशक्तिकरण

क. लैङ्गिकतामा आधारित बिभेदकारी ब्यबहार र श्रम विभाजनको परम्परालाई परिवर्तन गरि समान ब्यबहार तथा श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरि अर्थतन्त्रमा महिलाको योगदानको कदर र मूल्याङ्कनको थालनी गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरि सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ.कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन, कानून, नीति, कार्यविधि र दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीति, अन्धविश्वास तथा हानीकारक परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा नियमित छलफल र अन्तरकृया गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

क.संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरि कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून र कार्यविधिहरुमा व्यवस्था गरिने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क. गाउँपालिका अन्तरगतका विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरि योजना तर्जूमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा परिचालन, अनुगमन तथा मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरि लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि गाउँपालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गर्ने ।

ख. संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हाशिल गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क.वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्मका हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरि परिचालान गर्ने ।

ख.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

क.गाउँपालिका क्षत्रभित्र रहेका नागरिकहरु जो आफ्नो सुरक्षा र संरक्षण आफै गर्न सक्दैनन् त्यस्ता नगारिकहरुलाई गाउँपालिकाले संरक्षण गर्नेछ । विशेष गरि बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु, हिंसाबाट पिडित ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षण न्याय, स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख.सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातिहरु, दलित, लगायतको न्याय, सुरक्षा, स्वाथ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन तथा मूल्याङ्कन

क.प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने, पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरि अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९.रणनैतिक कृयाकलापहरु

| क्र.सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १. | पुरातनबादी सोँच, बिभेदकारी ब्यबहार, अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना र ब्यबहार परिबर्तनका अभियानहरु संचालन गरि सामाजिक दृष्टिकोण र ब्यबहारमा परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित आधुनिक समाज स्थापना गर्ने । | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरि छलफल र अन्तरकृया गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल ( Cross cutting issue) को रुपमा छलफल तथा अन्तरकृया गर्दै लैजाने । | १.लैङ्गिकहिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२.हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने ।<br>३.सचेतनामुलक कार्यक्रमलाई स्थानीय रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने ।<br>४.लैङ्गिकहिंसा निवारण आचार संहिता निर्माण र पालना गर्ने ।<br>५.अन्तरजातिय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६.सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७.सामाजिक कुरीति विरुद्ध श्रब्य र दृष्य सामग्रिहरु वनाउने र प्रचार प्रशार गर्ने ।<br>८.सचेतना अभिबृद्धिका बिभिन्न कार्यक्रमहरु सडक नाटक, गिति नाटक प्रस्तुत गर्ने । | १.सामाजिक कुरीति हरुका विरुद्ध श्रब्य दृष्य सामाग्री निर्माण भएको हुनेछ ।<br>२.हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३.अन्तरजातिय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४.वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन ।<br>५. श्रब्य र दृष्य सामग्रिहरु र नाटक प्रस्तुत भएका हुनेछन् । | १.वार्षिक बजेट तथा नीति कार्यक्रम ।<br>२.श्रव्य दृष्य सामाग्रीहरु ।<br>३.सामाजिक संजाल मा गरिएका पोष्टहरु ।<br>४.अन्तरजातिय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख ।<br>५.प्रत्यक्ष अवलोकन (सेवा केन्द्र) ।<br>५. श्रब्य र दृष्य सामग्रिहरु |
| २. | गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिला सहभागितामा अभिवृद्धि र क्षमता विकास गरेर लैङ्गिक सवालहरूलाई उचित सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १.लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२.योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षित बर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४.लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजना तर्जूमा गर्ने ।<br>५.लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरि त्यसैको आधारमा योजना तर्जुमा मापन | १.वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२.लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४.योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.आवधिक योजना<br>३.योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४.कार्यपालिकाका वैठकका निर्णयहरु<br>५.सभा र बैठकका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने । | | र परीक्षण गर्ने ।<br>६.लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।<br>७.सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | सहभागिता भएको हुनेछ । | निर्णयहरु |
| ३. | श्रोत साधन र अवसरहरुमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र पहुँचमा अभिवृद्धि गरि न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ा परीक्षण गरि त्यसले औल्याएका कमी सुधार गर्नुपर्नेहरुला ई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्कन गर्दै लैजाने । | १.लक्षित वर्गको खण्डिकृत तथ्यांक संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने ।<br>२.कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने ।<br>३.जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br>४.संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने ।<br>५.राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्ग लाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने ।<br>६.महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका (व्यवहारिक आवश्यकता पुरा हुने) कार्यक्रममा बजेट विनियोजन र कार्यान्वयन गर्ने ।<br>७.महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका (शिक्षा रोजगारी संग सम्बन्धीत) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने । जस्तैः लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी कक्षाहरु संचालन । | १.लक्षित वर्गको वस्तुगत खण्डिकृत तथ्यांक वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२.कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३.लक्षित वर्गको जीविकोपार्जन हुने गरि निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४.उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ ।<br>५.कम्तिमा बर्षका १ पटक लक्षित वर्गको लागि लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी सम्बन्धी कक्षा हरु संचालन भएका हुनेछन् । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३.गठित उपभोक्ता समितिको विवरण र कार्यवधि ।<br>४.कार्यपालिका बैठक तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | लैससास सम्बन्धी अन्तराष्ट्रिय सन्धि संझौताहरु तथा राष्ट्रिय प्रतिवद्धता र अभियानहरुको प्रभावकारी कार्यान्वयन गरि लक्षित बर्गको मूलप्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गरि त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकासका लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरि लागू गर्ने । | १. १७ वटा दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई अभिमुखीकरण कार्यक्रम संचालान गर्ने ।<br>२.बेइजिङ सम्मेलनका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरि कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने ।<br>३.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरि कार्यान्वयनमा ल्याउने ।<br>४.लैससास सम्बन्धी आवश्यक कानून तथा कार्यविधि (लैससास नीति, लैङ्गिक उत्तरदायी बजेट निर्देशिका र लैससास परिक्षण कार्यबिधि) तयार र कार्यान्वयन गर्ने ।<br>५.आबश्यक स्थानीयकरण कार्यक्रमका लागि वार्षिक रुपमा बजेट विनियोजन र कार्यान्वयन गर्ने । | १.दीगो विकास लक्ष्य, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२.अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>३.स्थानीयकरण कार्यक्रमका लागि बजेट विनियोजन भएको हुनेछ । | १.अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३.कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४.कार्यपालिका बैठक तथा सभाका निर्णयहरु । |
| ५. | नीति तथा कानूनमा नै महिला, बालबालिका तथा लक्षित वर्गको समावेशीताको सुनिश्चित गरि आवाज सशक्तीकरण गर्ने । | गाउँपालिका ले निर्माण गरेका सवै कानून, नीति, नियम, निर्देशिका, र कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरि कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता | १.लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३.महिला, पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>४.योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>५.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरि आवश्यक संसोधन गर्ने ।<br>६.कानून कार्यविधि तथा विकास प्रकृयामा यौनिक तथा | १.कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२.नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन । | १.वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका ।<br>२.कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका ।<br>३.यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने ।<br>७.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानूनी व्यवस्था गर्ने । | ५.कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६.समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ । | अन्य संरचनाहरुको स्थलगत अवलोकन । |
| ६. | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरि आर्थिक रुपमा सशक्तिकरण गर्ने । | १.लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरि महिला बालबालिका तथा जेष्ठनगारिक हरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२.वार्षिक बजेट तर्जूमामा छुट्टै कोष स्थापना गरि लैङ्गिक हिंसा निवारण, महिला सीप | क.महिला, गरिब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्याङ्कन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि | १.संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२.लक्षित वर्गको लागि महिला जनजाति तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरि विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरि कार्यान्वयन गर्ने ।<br>४.कार्यक्षेत्रमा हुने यौन दुब्यवहार, जातिय भेदभाव तथा महिला हिंसाका घट्ना नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरि लागु गर्ने ।<br>५.आदिवासी जनजाति दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणकालागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>६.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।<br>७.स्थानीय संचारका माध्यम मार्फत लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामग्रीहरु तयारी तथा प्रकाशन र प्रशारण गर्ने ।<br>८.उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला, यौनिक तथा लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | १.शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२.लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३.महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>४.यौन दुर्व्यवहार जातिय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५.महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>६.लैससास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | १.कार्यपालिकाका निर्णय पुस्तिका<br>२.विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३.महिला पुरुष समविकास कार्यनीति<br>४.महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५.FM रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३.लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरि योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समिति गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | | | |
| ७. | मानव संसाधन तथा क्षमता विकासमा महिला, बालबालिका र अन्य लक्षित वर्गको सहभागिता सुनिश्चित | १.मानव संसाधन विकास शाखा स्थापाना गरि | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा | १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३.गाउँपालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समावेशी करण विषयलाई अकाट्य | १.वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२.मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना | १.वार्षिक नीति कार्यक्रम तथा बजेट ।<br>२.लैङ्गिक हिंसा निवारण कार्यविधि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरि जीविकोपार्जनमा आत्मनिर्भर वनाउने । | महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२.निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु को वारेमा कर्मचारीहरु लाई अद्यावधिक गर्दै लैजाने । | समावेस गरेर आत्म निर्भर वनाउने । | सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५.लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६.कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | भएको हुनेछ ।<br>३.लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | ।<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारका विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४.प्रत्यक्ष अवलोकन |
| ८. | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन तथा | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग | प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कन लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए | १.महिला साक्षारता कार्यक्रम संचालन गर्ने ।<br>२.शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरि निर्माण गर्ने ।<br>४.स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरि आवश्यक तालिम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।<br>५.आवश्यक वजेट विनियोजन गरि विपन्न परिवार | १.संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन ।<br>२.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास | १.वार्षिक प्रगती प्रतिवेदन<br>२.तालिम सम्पन्न प्रतिवेदन<br>३.कार्यपालिका निर्णयहरु<br>४.सभाका निर्णयहरु<br>५.अनुमगन मुल्याङ्कन फारम हरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन गर्ने र सिकाईको प्रयोग गर्दै जाने परिपाटीलाई संस्थागत गर्ने । | सम्बन्धीत सूचकहरु निर्माण गरि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | नभएको एकिन गर्ने सुचक समेत थप गरि अनुगमन र मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६.अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>७.जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने ।<br>८.हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने ।<br>९.हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरि फारमहरु तयार गरि कार्यान्वयन गर्ने । | तालिम संचालन भएको हुनेछ । | |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने भन्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । तसर्थ लैससास मुल प्रवाहीकरणका कार्यक्रमहरुको लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछ ।

क. लैससास लक्षित कार्यक्रमका लागि गाउँपालिकाले बार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरि स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलब्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अघ्ययन गरि आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरि थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन र गाउँसभावाट पारित गराउनु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि गाउँपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर गाउँसभाले पास गरि सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन् ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ । लैससास कार्यान्वयन समितिको संरचना, काम, कर्तब्य र अधिकार (**लैससास परिक्षण दिग्दर्शन २०७८**) ले व्यवस्था गरे अनुसार देहाय बमोजिम हुनेछ ।

### लैससास कार्यान्वयन समितिको गठन विधि र संरचना

यस धनकौल गाउँपालिकामा सामाजिक समावेशी नीति २०७८ र लैससास परिक्षण दिग्दर्शन २०७८ को व्यवस्था अनुसार । समितिमा देहायका सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रसाशकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| कार्यपालिकाका सदस्यहरु मध्यबाट कम्तिमा दूइ जना महिला सहित संयोजकले तोकेका तीन जना | सदस्य |
| सांमाजिक संघ संस्थाबाट समावेशी प्रतिनिधित्व हुने गरि तीन जना | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

### लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।
२. नीति तथा रणनीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकाय बीच सहकार्य सहजीकरण र समवन्वय गर्ने गराउने ।
३. सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जूमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्सहान एवम सहयोग सम्बन्धी आवश्यक व्यवस्था गर्ने ।
४. सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।
५. सामाजिक समावेशिकरणका सहयोगी कार्यालय तथा निकायहरुसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।
६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली विधि एवम प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने ।
७. वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जूमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।
८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने
९. सरकारी तथा गैरसरकारी संघ संस्था र नागरिक समाजमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने ।
११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित अन्तराष्ट्रिय प्रतिवद्धताहरुको स्थानीयकरण तथा कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्सहान र आवश्यक सहयोग गर्ने ।
१२. आर्थिक एवम् सामाजिक रुपमा पछाडि परेका वर्ग, जात, जाति, लिङ्ग, क्षेत्र, एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।
१३. सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आंकलन गरि जोखिम न्यूनीकरणका लागि आबश्यक कार्यक्रमहरु गर्ने गराउने ।
१४. समितिको बैठक आयोजना र सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गर्नेछ र सोहि कार्यविधिको आधारमा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

लैससास कार्यान्वयन समितिको अलावा गाउँपालिका सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ । भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । धनकौल गाउँपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणसंग रहन्छ । लैससास परिक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. गाउँपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गनर्छे । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ ? सो को समेत अनुगमन गरि प्रमुख प्रसाशकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाईनेछ ।

## १४.संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसारका जोखिमहरुको आँकलन गरिएको छ ।

क. पितृसत्तात्मक पुरातन सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले महिला तथा बालबालिकालाई मात्र  प्राथमिकतामा राख्दछ र उनीहरु माथिको लगानी उपलब्धिमूलक हुदैन भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्दछ ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्दछ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति तथा श्रोत साधनको अप्रयाप्तता हुनसक्दछ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुनसक्दछ ।

### १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. नेतृत्व तथा सरोकारवालाहरुको लैंगिक समानता तथा सामाजिक समावेशीकरण  सम्बन्धिको बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको नियमित आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

ग. गउँपालिकाका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने र प्राप्त सिकाईलाई आगामी योजना तथा कार्यक्रममा समावेश गर्दै जाने ।

घ. विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने ।

## १५.निष्कर्ष

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता तथा प्रतिवद्धताहरुलाई स्थानीयकरण गरि वार्षिक नीति तथा कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । कानून तथा नीतिहरु वन्ने तर कार्यान्वयन नहुने बिषय आजको प्रमुख चुनौतीको रुपमा देखा परेको छ । त्यसैले अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरि हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ । रणनीतिका सबै प्राबधानहरु र कृयाकलापहरुको प्रभावकारी कार्यान्वयन गरि लक्षित वर्गलाइ निश्चित समय सम्म निरन्तर रुपमा अवसर प्रदान गर्ने हो भने घोषित लक्ष्य प्राप्त गर्न सहज हुनेछ र धनकौल गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा क्रमिक सुधार र विकास हुदै गरेको अनुभुति दिलाउने छ ।

*******समाप्त*******